आठबिसकोट नगरपालिका नगर कार्यपालिकाको ३२औं बैठक वडा नं. ३ को वडा कार्यालय खदीमा मिति २०७६ जेठ ९ र १० गते नगर प्रमुख श्री गोर्ख के.सी. को अध्यक्षता र तपशिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा बस्यो। उक्त बैठकका सहभागीहरुको उपस्थिति विवरण यसप्रकार छ।

## उपस्थिति

| | नाम थर | कार्यरत कार्यालय | पद | दस्तखत २/९ | दस्तखत २/१० | दस्तखत २/११ |
|---|---|---|---|---|---|---|
| १ | श्री गोर्ख बहादुर के.सी. | नगरपालिका | नगर प्रमुख | [signature] | [signature] | [signature] |
| २ | श्री गिता नेपाली | नगरपालिका | नगर उपप्रमुख | [signature] | [signature] | [signature] |
| ३ | श्री रामबहादुर के.सी. | नगरपालिका | नि. प्रमुख प्रशासकीय अधिकृत | [signature] | [signature] | [signature] |
| ४ | श्री देवबहादुर घर्ती | आठबिसकोट-१ | वडा अध्यक्ष | [signature] | [signature] | [signature] |
| ५ | श्री देवबहादुर थरी | आठबिसकोट-२ | वडा अध्यक्ष | [signature] | [signature] | — |
| ६ | श्री प्रेडका थरी | आठबिसकोट-२ | महिला सदस्य | [signature] | [signature] | [signature] |
| ७ | श्री केशरमान वि.क. | आठबिसकोट-३ | वडा अध्यक्ष | [signature] | [signature] | [signature] |
| ८ | श्री बाबुराम विष्ट | आठबिसकोट-४ | वडा अध्यक्ष | [signature] | [signature] | [signature] |
| ९ | श्री प्रभा मल्ल नेपाली | आठबिसकोट-४ | महिला सदस्य | [signature] | [signature] | [signature] |
| १० | श्री प्रजिते कामी | आठबिसकोट-५ | वडा अध्यक्ष | [signature] | [signature] | [signature] |
| ११ | श्री डिल बहादुर सार्की | आठबिसकोट-६ | वडा अध्यक्ष | [signature] | [signature] | [signature] |
| १२ | श्री नवराज बुढा | आठबिसकोट-७ | वडा अध्यक्ष | — | — | — |
| १३ | श्री मानबहादुर चदारा | आठबिसकोट-८ | वडा अध्यक्ष | — | — | — |
| १४ | श्री तारक बहादुर शाही | आठबिसकोट-९ | वडा अध्यक्ष | [signature] | [signature] | [signature] |
| १५ | श्री गंगाराम चनारा | आठबिसकोट-१० | वडा अध्यक्ष | [signature] | [signature] | — |
| १६ | श्री सिता शाह | नगरपालिका | सदस्य | सिता | सिता | — |
| १७ | श्री हस्ते आग्री | आठबिसकोट-११ | वडा अध्यक्ष | [signature] | [signature] | [signature] |
| १८ | श्री सुम्मे कुसारी | आठबिसकोट-१२ | वडा अध्यक्ष | [signature] | [signature] | [signature] |
| १९ | श्री विनोद पुन | आठबिसकोट-१३ | वडा अध्यक्ष | [signature] | [signature] | — |
| २० | श्री हुकुम बहादुर पुन | आठबिसकोट-१४ | वडा अध्यक्ष | [signature] | [signature] | [signature] |
| २१ | श्री कल्पना खड्का | नगरपालिका | सदस्य | [signature] | [signature] | [signature] |
| २२ | श्री गोरखबहादुर कामी | नगरपालिका | सदस्य | [signature] | [signature] | [signature] |
| २३ | श्री आसिराम वि.क. | नगरपालिका | सदस्य | [signature] | [signature] | [signature] |
| २४ | श्री धन्नाम परियार | नगरपालिका | सदस्य | [signature] | [signature] | [signature] |
| २५ | मनकली कामी | नगरपालिका | सदस्य | [signature] | [signature] | — |

## आमन्त्रित

| | नाम थर | कार्यरत कार्यालय | पद | | | |
|---|---|---|---|---|---|---|
| १ | श्री राज कुमार शर्मा | जि.स.स रुकुम (पश्चिम) | संयोजक | | | — |
| २ | बलविर ओली | नगरपालिका | शाखा संयोजक | [signature] | [signature] | — |
| ३ | महानराज ओली | नगरपालिका | खरिदार | — | [signature] | [signature] |
| ४ | जय बहादुर बुढा | नगरपालिका | प्रशिक्षक | [signature] | [signature] | [signature] |
| ५ | [illegible] रिमाल | नगरपालिका | [illegible] | [signature] | [signature] | |
| ६ | [illegible] | [illegible] अध्यक्ष | | [signature] | [signature] | |
| ७ | [illegible] | [illegible] | | [signature] | | |
| ८ | [illegible] के.सी. | [illegible] | प्र.अ. | [signature] | [signature] | [signature] |
| ९ | [illegible] मल्ल | [illegible] – वडा नं ६ | | [signature] | [signature] | |
| १० | [illegible] | [illegible] | | [signature] | | |

कर्णाली प्रदेश, नेपाल
२०७३

१) विपना परियार - वडा सदस्य - वडा नं. ४

२) हिरा थापा - वडा सदस्य - वडा नं ३ -

३) गोपाल वि.क. - वडा स. - वडा नं ३ -

४) सेते पुन - प्रा. स - वडा नं. १, २, ६ -

## ३२ औं नगर कार्यपालिकामा पेश भएका प्रस्तावहरु

| क.स. | प्रस्तावको विवरण | कैफियत |
|---|---|---|
| १ | पहिलो सार्वजनिक सुनुवाई प्रतिवेदन, २०७५ सम्बन्धी प्रस्ताव | |
| २ | शिक्षा युवा तथा खेलकुद शाखाबाट पेश भएका शिक्षा सम्बन्धी विभिन्न प्रस्तावहरु | |
| | प्रथम नगरस्तरिय रनिङ शिल्ड सम्बन्धमा | |
| | अङ्ग्रेजी भाषा तालिम, प्रधानाध्यापकहरुको तालिम, विद्यालयहरुमा लेखा प्रणाली सम्बन्धी तालिम, सङ्गित सम्बन्धी तालिम सञ्चालन तथा खर्च व्यवस्थापन सम्बन्धमा | |
| | शैक्षिक गुणस्तर परिक्षण केन्द्रको स्थापना तथा सञ्चालन सम्बन्धमा | |
| | नगर कार्यपालिकाबाट पारित चौथो विद्यालय अनुगमन प्रतिवेदन २०७५ को कार्यान्वयनको क्रममा देखिएका समस्याहरुमाथि छलफल तथा समाधान सम्बन्धमा | |
| | शिक्षक नियुक्ति, शिक्षक सरुवा, दरबन्दी थप सम्बन्धमा मापदण्ड निर्धारिण सम्बन्धमा | |
| | राष्ट्रपति रनिङ शिल्ड सञ्चालन सम्बन्धमा | |
| | स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धमा | |
| | प्राविधिक विद्यालय स्थापना र सञ्चालन सम्बन्धमा | |
| | नमूना विद्यालय स्थापना र सञ्चालन सम्बन्धमा | |
| | शैक्षिक क्यालेन्डर थप छाप्ने सम्बन्धमा | |
| ३ | आर्थिक वर्ष २०७६।०७७ को बजेट, नीति तथा कार्यक्रम सम्बन्धी प्रस्ताव | |
| | आन्तरिक राजश्व अनुमान सम्बन्धमा | |
| | स्रोत अनुमान तथा सिमा निर्धारण सम्बन्धमा | |
| | स्रोत अनुमान तथा सिमा निर्धारणका आधारहरु तय गर्ने सम्बन्धमा | |
| | आर्थिक वर्ष २०७६।०७७ को बजेट, नीति तथा कार्यक्रमको लागि नगर प्रमुखको नेतृत्वमा वडास्तरिय अन्तरक्रिया तथा सुझाव संकलन सम्बन्धमा | |
| ४ | विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण सम्बन्धी प्रस्ताव | |
| | उद्योग ग्रामको स्थापना तथा सञ्चालन सम्बन्धमा | |
| | आत्रय ऋषि पूर्वाधार विकास एवम् गोतामकोट आत्रय ऋषिको मन्दिर हुँदै चिविपाटन सिस्ने हिमालसम्मको पदमार्ग निर्माण | |
| ५ | स्वास्थ्य विमा कार्यक्रम सम्बन्धी प्रस्ताव | |
| ६ | प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव | |
| ७ | मदिरा नियन्त्रण सम्बन्धमा | |
| ८ | मिति २०७६ बैशाख २९ गते भएको गाडी दुर्घनामा घाईते भएका व्यक्तिहरुको उपचार सम्बन्धमा | |
| ९ | सार्वजनिक कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड सम्बन्धमा | |

नि.प्रमुख प्रशासकीय अधिकृत

## निर्णयहरु

निर्णय नं. १ :- शिक्षा, युवा तथा खेलकूद शाखाबाट पेश भएका शिक्षा सम्बन्धी प्रस्तावहरुको सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) प्रथम नगरस्तरिय रनिङ सिल्ड सम्बन्धमा देहाय बमोजिम गर्ने :-

- आठविसकोट नगरपालिका वडा नं. १३ र १४ बाट सहभागि हुने माध्यमिक विद्यालयहरुलाई सहभागि खर्च वापत प्रति विद्यालय रु १२,०००।०० र अन्य विद्यालयहरुलाई प्रति विद्यालय रु १०,०००।०० उपलब्ध गराउने । आधारभूत तह (कक्षा ६-८) को हकमा वडा नं. १३ र १४ का सहभागि विद्यालयलाई रु ६,०००।०० र अन्यलाई रु ५,०००।०० प्रति विद्यालय उपलब्ध गराउने ।
- रनिङ शिल्डमा खटिने रेफ्रि तथा अन्य कर्मचारी तथा व्यवस्थापकहरुलाई खटिएको दिनको आधारमा प्रतिदिन प्रतिव्यक्ति रु १,०००।०० कर सहित दैनिक भत्ता र रु २००।०० खाजा खाना खर्च उपलब्ध गराउने ।
- आयोजक विद्यालयलाई व्यवस्थापन खर्च वापत रु १,५०,०००।०० उपलब्ध गराउने ।
- शिल्डमा अंक नजोडिने प्रतियोगिताहरुमध्ये लोकनृत्य र बाद्यवाधनको हकमा प्रथमलाई रु ६,०००।००, द्वितीयलाई रु ४,५००।००, तृतियलाई रु ३,०००।०० र सान्त्वनालाई रु १,५००।०० पुरुस्कार उपलब्ध गराउने । डिजे नाचको हकमा प्रथम, द्वितिय, तृतिय र सान्त्वनालाई क्रमशः रु ४,०००।०० २,५००।००, रु १,५००।०० र रु १,०००।०० बराबरको पुरुस्कार र प्रमाणपत्र उपलब्ध गराउने ।
- स्वयमसेवकको रुपमा खटिएका व्यक्तिहरुलाई आयोजक विद्यालयको सिफारिसमा खाजा खर्च वापत दैनिक रु १००।०० उपलब्ध गराउने ।

(ख) अङ्ग्रेजी भाषा तालिम, प्रधानाध्यापकहरुको तालिम, विद्यालयहरुमा लेखा प्रणाली सम्बन्धी तालिम, सङ्गित सम्बन्धी तालिम सञ्चालन तथा खर्च व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो :-

- नगरपालिकाभित्रका माध्यमिक तथा आधारभूत तह (६-८) मा अङ्ग्रेजी विषय अध्यापन गराउने शिक्षकहरुको कक्षाकोठामा अङ्ग्रेजी भाषा सीप विकास सम्बन्धी तालिम विज्ञ परामर्शदाता छनौट गरी शैक्षिक क्यालेन्डर अनुसार वर्षे विदाको अवधिमा सञ्चालन गर्ने र त्यसको लागि प्रति सहभागि ९० घण्टा बराबर एकमुष्ट कर बाहेक रु १७,५००।०० शुल्क उपलब्ध गराउने ।
- लेखा तथा EMIS सम्बन्धी तालिम, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको क्षमता अभिवृद्धि तथा नेतृत्व विकासको लागि अभिमूखीकरण तालिम, बाल विकास सहयोगी कार्यकर्ताको तालिम तथा अन्य आवश्यक तालिमहरु शैक्षिक क्यालेन्डर अनुसार शैक्षिक शत्र, २०७६ को श्रावण महिनाको पहिलो हप्ता सञ्चालन गर्ने । स्वीकृत मापदण्ड अनुसार सहभागिहरुलाई दैनिक भत्ता, खाजा खाना खर्चर स्टेशनरी खर्च उपलब्ध गराउने ।

(ग) शैक्षिक गुणस्तर परिक्षण केन्द्रको स्थापना तथा सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्ने :-

- शिक्षा ऐन, २०७४ को दफा ८ अनुसारको शैक्षिक गुणस्तर परिक्षण केन्द्र स्थापना तथा सञ्चालनको लागि कार्यविधि बनाई आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने ।

रामबहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत

➢ शैक्षिक गुणस्तर परिक्षण केन्द्रको काम, कर्तव्य र अधिकार, शिक्षा परिक्षक तथा त्यसमा रहने कर्मचारीहरुको नियुक्ति, पारिश्रमिक तथा सेवा सम्बन्धी अन्य शर्तहरु एवम् यसको व्यवस्थापन सम्बन्धी विषयहरु कार्यविधिमा तोके बमोजिम हुनेछ ।

(घ) शैक्षिक शत्र, २०७६ को शैक्षिक क्यालेन्डर थप ३००० प्रति छाप्ने निर्णय गरियो ।

(ङ) वडा नं. १ र २ तथा वडा नं. १३ मा माध्यमिक विद्यालय स्थापना गर्न एवम् सोको लागि आवश्यक पूर्वाधार निर्माण सम्वन्धी कार्यलाई आर्थिक वर्ष २०७६।०७७ को बजेट, नीति तथा कार्यक्रममा समावेश गर्ने ।

(च) श्री कालिका माध्यमिक विद्यालय सुन्दरपानीमा विद्यालय व्यवस्थापन समिति गठनको सम्बन्धमा रहेको समस्या समाधानको लागि ९ नं. वडा अध्यक्ष श्री तारकबहादुर शाहीले अभिभावक भेला गराई स्थलगत रुपमा अध्ययन गरी विद्यालय व्यवस्थापन समितिमा रहने पदाधिकारीहरुको अन्तिम टुङ्गो लगाई नगरपालिकामा सिफारिस गर्ने र सोही सिफारिस अनुसार गठन भएको विद्यालय व्यवस्थापन समितिलाई मान्यता दिने । जनकल्यान माध्यमिक विद्यालय गोईरी र नेपाल राष्ट्रिय माध्यमिक विद्यालय लगायत अन्य विद्यालयमा रहेको विद्यालय व्यवस्थापन समिति गठन तथा अन्य विषयहरु सम्बन्धमा रहेको विवाद समाधान गरी नगरपालिकामा सिफारिस गर्न सम्बन्धित वडा अध्यक्षलाई जिम्मा दिने र वडा अध्यक्षले यही मिति २०७६ साल असार १५ गतेभित्र नगरपालिकामा सिफारिस गरिसक्ने निर्णय गरियो।

(छ) स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो :-

➢ नगर शिक्षा ऐन, २०७४ को दफा ९ को उपदफा (२) तथा नगर शिक्षा नियमावली, २०७४ को नियम ३३ को उपदफा (३) अनुसार Sustainable Development Goals प्राप्तिमा आधारित भई नयाँ स्थानीय पाठ्यक्रम निर्माण गर्न देहाय बमोजिमको स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री निर्धारण समिति गठन गर्ने । समितिको प्रतिवेदनको आधारमा नगर शिक्षा समितिले नगर कार्यपालिकामा सिफारिस गर्ने र नगर कार्यपालिकाले निर्णय गरी ५० पूर्णाङ्क बराबर नयाँ स्थानीय पाठ्यक्रम सबै सामुदायिक विद्यालयहरुमा लागू गर्ने ।

| | | |
|---|---|---|
| (क) | श्री गोर्खबहादुर के.सी. | संयोजक |
| (ख) | श्रीमति गीता नेपाली | सदस्य |
| (ग) | श्री रामबहादुर के.सी. | सदस्य |
| (घ) | श्री तारकबहादुर शाही | सदस्य |
| (ङ) | श्री केशरमान वि.क. | सदस्य |
| (च) | श्री नयना चन्द | सदस्य |
| (छ) | श्री मुक्तिप्रसाद रिजाल | सदस्य |
| (ज) | श्री थलवीर ओली | सदस्य सचिव |

➢ थप एक जना विषय विशेषज्ञ प्रचलित दरमा पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराउने गरी सेवा करार गर्ने ।

➢ समितिले असार मसान्तभित्र नगर शिक्षा समितिमा प्रतिवेदन पेश गर्ने ।

➢ पाठ्यक्रम निर्माण सम्बन्धी अन्य व्यवस्था प्रचलित मापदण्डमा तोके बमोजिम हुनेछ ।

(ज) शिक्षक नियुक्ति, शिक्षक सरुवा, दरवन्दी थप सम्बन्धमा मापदण्ड निर्धारण सम्बन्धमा देहाय बमोजिम गर्ने :-

➢ आठविसकोट नगर शिक्षा ऐन, २०७४ को दफा ३९ तथा नगर शिक्षा नियमावली, २०७४ को नियम ५७ मा भएको सरुवा सम्बन्धी व्यवस्था अनुसार ऐन तथा नियमावलीमा उल्लेखित अवधिभित्र सरुवाको लागि निवेदन दिएका स्थायी शिक्षकहरुको रिक्त पद र विषयमा नगर शिक्षा समितिको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्ने । साथै अस्थायी राहत शिक्षकहरुको हकमा सरुवा भई जाने तथा सरुवा भई आउने दुवै विद्यालयका विद्यालय व्यवस्थापन समितिले सरुवाको लागि निर्णय गरी पेश गरेमा, सम्बन्धित शिक्षकले निवेदन दिएमा, निजको आचरण र कार्य सम्पादन राम्रो भएको पाईएमा एवम् सरुवा गर्नुपर्ने आधार र कारण उपयुक्त देखिएमा नगर शिक्षा समितिको निर्णयानुसार मिल्दो पद र विषयमा सरुवा गर्ने ।

➢ स्वीकृत दरवन्दीमा रिक्त पदहरुमा स्थायी शिक्षकहरु नआउञ्जेलसम्मको लागि पठनपाठनलाई निरन्तरता दिन आठविसकोट नगर शिक्षा नियमावलीको नियम ५५ मा करार वा स्वयमसेवकमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था अनुसार खुला विज्ञापन गरेर छनौट भएका शिक्षकहरुलाई सम्बन्धित विद्यालयमा करार नियुक्ति दिई खटाउने ।

➢ विद्यालय अनुगमन गरी प्राप्त तथ्याङ्क र प्रतिवेदनको आधारमा ४५ जना बराबर १ जना शिक्षक हुने गरी थप दरवन्दी दिने । नगरपालिकाको अनुमति बेगर कुनै पनि तह र कक्षामा कुनै पनि विद्यालयले करार शिक्षक राख्न नपाउने । आफूखुसी राखेको पाईएमा नगरपालिकाबाट दिईने अनुदान कटौती गरी त्यस्तो शिक्षक नियुक्त गर्ने पदाधिकारीबाट करार शिक्षकलाई दिईएको पारिश्रमिक बराबरको रकम असुल उपर गर्ने ।विद्यार्थी सङ्ख्याको आधारमा नगरपालिकाबाट अनुदानमा उपलव्ध गराईएका दरवन्दी न्यून रहेको अवस्थामा आफ्नै स्रोतबाट निजि शिक्षक राख्न उपयुक्त देखिने गरी शिक्षक अभिभावक संघ र विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार नगरपालिकामा सिफारिस भएमा र सिफारिस उपयुक्त देखिएमा शिक्षा, युवा तथा खेलकूद शाखाले नगर शिक्षा ऐन र नियमावली अनुसारको प्रक्रिया पूरा गरी थप शिक्षक राख्न सकिने । तर थप शिक्षक राखे वापत नगरपालिकामा कुनै व्ययभार थप्न पाईने छैन् र नगरपालिकाको व्ययभार हुने गरी थप शिक्षक करारमा राख्न पाईने छैन् ।

(झ) प्राविधिक विद्यालय स्थापना र सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो :-

➢ श्री बालकल्यान माध्यमिक विद्यालयलाई प्राविधिक विद्यालयमा रुपान्तरण गरी प्राविधिक शिक्षालयको रुपमा सञ्चालन गर्ने ।

➢ प्राविधिक शिक्षालयमा अध्ययन अध्यापन हुने विषयहरु **CTEVT** लगायत सम्बन्धित निकायसँग समन्वय गरी प्राविधिक धारहरुको सम्बन्धन लिने ।

➢ प्राविधिक शिक्षालय स्थापनाको लागि आवश्यक पूर्वाधार निर्माण तथा प्रशासकीय कार्यहरु तीव्रगतिमा गर्ने र शिक्षा, युवा तथा खेलकूद शाखाले बालकल्यान माध्यमिक विद्यालयसँग समन्वय र सहकार्य गरी अनुमति र सम्बन्धनको लागि फाइल अगाडी बढाउने।

(ज) नगर कार्यपालिकाबाट पारित चौथो विद्यालय अनुगमन प्रतिवेदन, २०७५ को कार्यान्वयनको क्रममा देखिएका समस्याहरुमाथि छलफल तथा समाधान सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो :-

- विद्यालय मर्ज, कक्षा तह घटाउने, अनुमति रद्द गर्ने लगायतको विषयहरु समावेश भई नगर कार्यपालिकाबाट पारित चौथो विद्यालय अनुगमन प्रतिवेदन, २०७५ हुबहु कडाईपूर्वक कार्यान्वन गर्ने । चौथो विद्यालय अनुगमन प्रतिवेदन, २०७५ कार्यान्वयन नगर्ने तथा नगराउने एवम् कार्यान्वयनमा अवरोध गर्ने वा अवरोध गर्न उद्योग गर्ने विद्यालय, प्रधानाध्यापक, शिक्षक, कर्मचारी जोकोही भए पनि कानून बमोजिमको कारवाही गर्ने ।
- सिर्जना एकेडेमी प्रा.लि. गोतामकोट ४, रुकुम (पश्चिम) का सञ्चालक आठविसकोट नगरपालिका वडा नं. ८ वस्ने बर्ष २२ को गोबिन्दराज बि.सी.ले आठविसकोट नगरपालिका, नगर कार्यपालिका, नगर शिक्षा समिति, नगर प्रमुख श्री गोर्खबहादुर के.सी., प्रमुख प्रशासकीय अधिकृत श्री रामबहादुर के.सी. र शिक्षा, युवा तथा खेलकूद शाखा संयोजक श्री थलवीर ओली समेतलाई विपक्षी बनाई दायर मुद्दा नं. ०७५-WO-००३० उत्प्रेषण/परमादेश रिटको सम्बन्धमा मिति २०७६।०१।२६ गते म्याद तामेली भई मिति २०७६।०२।०६ गतेसम्मको लागि अल्पकालिन आदेश जारी भएकोमा मिति २०७६।०२।०७ गतेको पक्ष विपक्षीहरुसँगको छलफलको आधारमा सम्मानित उच्च अदालत सुर्खेतबाट मिति २०७६।०२।०७ गतेको अन्तरिम आदेशबाट नगर कार्यपालिकाबाट मिति २०७५ चैत्र २८ गतेदेखि चैत्र ३० गतेसम्मको बैठकको निर्णयानुसार पारित चौथो विद्यालय अनुगमन प्रतिवेदन, २०७५ कार्यान्वयनको लागि श्री सिर्जना एकेडेमी प्रा.लि. गोतामकोट - ४, रुकुम (पश्चिम) लाई अनुमति रद्द भएको भनि जानकारी गराई मिति २०७६।०१।०२ गते शिक्षा, युवा तथा खेलकूद शाखाबाट र मिति २०७६।०१।११ गते नगरपालिकाबाट लेखिएका पत्रहरु मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु भनि भएको अन्तरिम आदेशलाई सम्मान गर्दै उक्त एकेडेमीको जिल्ला शिक्षा कार्यालयबाट प्राप्त अनुमतिपत्र अनुसार वडा नं. ४ गोतामकोटमा साविकझैं कक्षा १ सम्म सञ्चालन गर्न दिने भन्ने आदेश कार्यान्वयन गर्ने । ठाउँसारीको कुनै पनि कागजात नगरपालिकामा पेश नगरिएको एवम् कक्षा २ र कक्षा ३ सञ्चालनको लागि अन्य कुनै अनुमति दिने अधिकार प्राप्त निकायबाट अनुमति प्राप्त गरेको नदेखिएको र शिक्षा ऐन तथा नियमावली अनुसार कक्षा थपको लागि निवेदन नदिएकोले साविककै स्थानमा साविककै कक्षा अर्थात् कक्षा नर्सरीदेखि कक्षा १ सम्म आठविसकोट नगरपालिका वडा नं. ४ मा सञ्चालनको लागि पत्राचार गर्ने । पत्राचार अनुसार साविककै कक्षा र स्थानमा विद्यालय सञ्चालन नगरेमा स्थानीय प्रशासनको सहयोगमा गैरकानूनी ढङ्गले आठविसकोट नगरपालिका वडा नं. ९ राडीज्यूलामा सञ्चालनरत सिर्जना एकेडेमीलाई उक्त स्थानबाट हटाउने ।
- चौथो विद्यालय अनुगमन प्रतिवेदन, २०७५ को अनुसूची ५ मा पूर्वाधार पूरा भएमा श्री पिसजोन एजुकेशनल प्रा.लि.लाई कक्षा ६ सञ्चालनको लागि अनुमति दिने भनि निर्णय भएकोमा उक्त

प्रा.लि.ले कक्षा ६ सञ्चालनको लागि आवश्यक पूर्वाधार पुरा नगरेकोले यस शैक्षिक शत्रमा कक्षा ६ अनुमति नदिने र कक्षा ६ सञ्चालनको लागि शिक्षा, युवा तथा खेलकूद शाखाबाट दिईएको अनुमति रद्द गर्ने निर्णय गरियो ।

- निःशुल्क र अनिवार्य आधारभूत तथा माध्यमिक शिक्षा नागरिकको मौलिक हक भएकोले उक्त मौलिक हकको कार्यान्वयन गर्न सरकारको पूर्ण लगानीमा सञ्चालित सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार सुधार/निर्माण, व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी आम अभिभावकको सामुदायिक विद्यालयप्रतिको विश्वास र भरोसाको स्तर बढाई गुणस्तरिय प्रविधिमैत्री व्यवहारिक जीवनोपयोगि शिक्षाको सुनिश्चितता गर्न अव उप्रान्त नगरपालिकाले संस्थागत विद्यालय स्थापनाको लागि अनुमति दिने, कक्षा तह थप गर्ने लगायतका कार्यहरुमा पूर्ण रुपमा निषेध गर्ने नीति अवलम्बन गर्ने । यसको लागि नगर शिक्षा ऐन तथा नियमावलीमा संशोधन तथा थप प्रावधान थप गर्ने ।

<u>निर्णय नं. २</u> :-विभिन्न आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण सम्बन्धी प्रस्ताव सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो :-

(क) आत्रय ऋषि पूर्वाधार विकास एवम् गोतामकोट आत्रय ऋषिको मन्दिर हुँदै चित्रिपाटन सिस्ने हिमालसम्मको पदमार्ग निर्माणको लागि सर्वे, डिजाइन, इष्टिमेट सहितको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार पार्ने र सोको लागि तत्काल परामर्शदाता छनौट गरी कार्य आरम्भ गर्ने।

(ख) उद्योग ग्रामको स्थापना तथा सञ्चालनको लागि पूर्व संभाव्यता अध्ययन (Pre-Feasibility Study) प्रतिवेदन सहितको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार पार्ने र सोको लागि परामर्शदाता छनौट गरी कार्य आरम्भ गर्ने।

<u>निर्णय नं. ३</u> :- स्वास्थ्य विमा कार्यक्रम सम्बन्धी प्रस्ताव सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) नगरपालिकाभित्रका सबै नागरिकहरुको अनिवार्य रुपमा आर्थिक वर्ष २०७५।०७६ को असार मसान्तसम्म स्वास्थ्य विमा गर्ने । सो कार्यको लागि वडा अध्यक्षको नेतृत्वमा विशेष अभियान सञ्चालन गर्ने ।

(ख) अति विपन्न घरपरिवारलाई गरिव/विपन्नता परिचयपत्र उपलब्ध गराई निःशुल्क स्वास्थ्य विमा गराउने ।

(ग) आर्थिक वर्ष २०७६।०७७ मा स्वास्थ्य विमा नगरेका व्यक्ति तथा घरपरिवारलाई उपभोक्ता समिति, सहकारी लगायतका संघसंस्थामा रहनबाट बञ्चित गराउने। नगरपालिकाबाट आर्थिक सहायता उपलब्ध गराउँदा, प्राकृतिक प्रकोप पिडित राहत उपलब्ध गराउँदा एवम् अन्य सहायता तथा अनुदान उपलब्ध गराउँदा अनिवार्य रुपमा अन्य कागजातका अतिरिक्त स्वास्थ्य विमा कार्ड पेश गर्नुपर्ने । अन्यथा राहत/ सहायता/अनुदान उपलब्ध नहुने ।

(घ) आर्थिक वर्ष २०७६।०७७ बाट लागू हुने गरी स्वास्थ्य बिमा गर्ने घरपरिवारलाई नगरसभाको निर्णयानुसार मालपोत कर छुट हुने ।

(ङ) स्वास्थ्य विमा नगर्ने घरपरिवारलाई नगरपालिका तथा वडा कार्यालयबाट दिईने सिफारिस, प्रमाणित तथा अन्य सेवा सुविधाबाट वञ्चित गरिने ।

निर्णय नं. ४ :-आर्थिक वर्ष २०७६।०७७ को बजेट, नीति तथा कार्यक्रम सम्बन्धी प्रस्ताव सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) राजश्व परामर्श समितिले आर्थिक वर्ष २०७६।०७७ को आन्तरिक राजश्व अनुमान सहितको प्रतिवेदन २०७६ साल जेष्ठ २५ गतेभित्र नगर कार्यपालिकामा पेश गरिसक्ने ।

(ख) स्रोत अनुमान तथा सिमा निर्धारण सम्बन्धमा देहाय बमोजिम गर्ने :-

- स्रोत अनुमान तथा सिमा निर्धारण समितिले संघीय सरकार, प्रदेश सरकार तथा आन्तरिक स्रोत सहितको स्रोत अनुमान तथा विषय क्षेत्रगत सिमा निर्धारण यहि २०७६ साल जेष्ठ २५ गतेभित्र नगर कार्यपालिकामा पेश गरिसक्ने ।
- वडा कार्यालयहरुले आर्थिक वर्ष २०७६।०७७ को नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने विषयहरु, वडास्तरिय बजेट तथा नगरस्तरिय बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने योजना तथा कार्यक्रमहरु बस्ति/टोलस्तरिय भेलाबाट छनौट गरी सोको प्राथमिकीकरण समेत गरेर यही २०७६ साल जेष्ठ २५ गतेभित्र हार्डकपि तथा सफ्टकपिसमेत संलग्न गरी वडा समितिको निर्णय सहित बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गरिसक्ने । बजेट तथा कार्यक्रम तर्जुमा समितिले यही २०७६ जेष्ठ मसान्तभित्र स्रोत अनुमान तथा सिमा निर्धारणको आधारमा वडास्तरिय तथा नगरस्तरिय योजना/कार्यक्रमहरु तयार पारी आर्थिक वर्ष २०७६।०७७ को बजेट तथा कार्यक्रम, नीति तथा कार्यक्रम, विनियोजन ऐन तथा आर्थिक ऐन, मध्यमकालिन खर्च संरचना (MTEF) सहित नगर कार्यपालिकामा पेश गरिसक्ने ।
- स्रोत अनुमान तथा सिमा निर्धारण गर्दा देहायका कुराहरुमा ध्यान दिने :-
  - ✓ संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन तथा प्राथमिकताका आधारहरु
  - ✓ अनिवार्य दायित्व अन्तर्गतका विषयहरु (कर्मचारी तथा पदाधिकारीकाको पारिश्रमिक, कार्यालय सञ्चालन लगायतका चालू प्रकृतिका अत्यावश्यक खर्चहरु), समपूरक अनुदान अन्तर्गत सञ्चालन हुने आयोजनाहरु, विस्तृत परियोजना प्रतिवेदन (DPR) भईसकेका आयोजनाहरु, राष्ट्रिय प्राथमिकताका आयोजनाहरु, हाल सञ्चालन भईरहेका क्रमागत आयोजनाहरु
  - ✓ संघीय सरकारबाट स्थानीय तहमा हस्तान्तरण भएका आयोजनाहरु
  - ✓ भौगोलिक विकटता, मानव विकास सूचकांक, क्षेत्रफल, जनसङ्ख्या, पूर्वाधार विकासको अवस्था, राजश्व संकलनको अवस्था, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, पूर्ण सरसफाई अभियान, मदिरामुक्त अभियान लगायतका भौगोलिक, क्षेत्रीय, लैंगिक,

जनसाङ्ख्यीकीय, आर्थिक, सामाजिक, पूर्वाधार विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास, सुशासन तथा सार्वजनिक सेवा प्रवाहजस्ता विषयहरु

- ✓ वडा कार्यालयले लागत अनुमान पाँच लाख रुपैयाँभन्दा कम भएका आयोजनाहरु छनौट गर्न पाईने छैन् ।
- ✓ वडा कार्यालयहरुलाई जनसङ्ख्या, क्षेत्रफल, भौगोलिक विकटता, पूर्वाधार विकास, राजश्व संकलन, मानव विकास सूचकांक, पूर्ण सरसफाई अभियान, मदिरामुक्त अभियान, स्वास्थ्य विमा कार्यक्रमजस्ता सूचकांकको आधारमा प्रशासनिक खर्च उपलब्ध गराईनेछ । साथै उल्लेखित सूचकांकको आधारमा वडा कार्यालयहरुलाई बजेटको सिमा निर्धारण गरिनेछ ।

➢ आर्थिक वर्ष २०७६।०७७ को बजेट, नीति तथा कार्यक्रमको लागि नगर प्रमुखको नेतृत्वमा वडास्तरिय अन्तरक्रिया सञ्चालन गरी सुझाव संकलन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ :-प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम १४ को उपनियम (१) अनुसारको स्थानीय निर्देशक समिति देहाय बमोजिम गठन गरियो ।

| | |
|---|---|
| ➢ नगर प्रमुख श्री गोर्खबहादुर के.सी. | अध्यक्ष |
| ➢ नगर उपप्रमुख श्रीमति गीता नेपाली | सदस्य |
| ➢ १ नं. वडा अध्यक्ष श्री देवबहादुर घर्ति | सदस्य |
| ➢ १४ नं. वडा अध्यक्ष श्री हुकुमबहादुर पुन | सदस्य |
| ➢ प्रमुख प्रशासकीय अधिकृत श्री रामबहादुर के.सी. | सदस्य सचिव |

(ख) २०७६ वैशाख मसान्तसम्म रोजगार सेवा केन्द्रमा पेश भएका बेरोजगार व्यक्तिहरुको आवेदन छानविन गरी अन्तिम विवरण तयार पार्न यही मिति २०७६ जेष्ठ २२ गतेभित्र नगर कार्यपालिकाको अर्को बैठक बोलाउने ।

(ग) कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम रोजगारका कार्यक्रम सञ्चालन गर्ने ।

निर्णय नं. ६ :-रिजागाड लघुजलविद्युत आयोजनाको लागि हालसम्म वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, संसद विकास कोष, नगरपालिका, स्थानीय लागत सहभागिता र महशुल शुल्क समेतबाट भएको आय र व्ययको विवरण सहितको विस्तृत विवरण समितिले नगरपालिकामा पेश गर्ने । समितिले पेश गरेको आर्थिक विवरणको छानविन गरी प्राप्त तथ्यको आधारमामात्र दोहोरोपन नहुने गरी नगरपालिकाबाट विनियोजित रकम वा थप रकम लागत अनुमानको आधारमा आयोजनागत रुपमा उपलब्ध गराउन सकिने । साथै अन्य लघुजलविद्युत आयोजनाको हकमा समेत हालसम्मको आय र व्ययको विस्तृत विवरण सहितको

विवरण पेश भई सोको छानबिन गरी दोहोरोपना नभएको सुनिश्चितता नभएसम्म नगरपालिकाबाट थप आयोजनागत अनुदान उपलब्ध नगराउने ।

<u>निर्णय नं. ७</u> :- नगरपालिकाले राजश्व बाँडफाँड तथा आन्तरिक आयबाट शैक्षिक ऋण सम्बन्धी कार्यविधि, २०७५ बमोजिम शैक्षिक ऋण उपलब्ध गराई पाइलोट पढ्न फिलिपिन्स गएका आठविसकोट नगरपालिका वडा नं. ५, रुकुम (पश्चिम) का ललित भण्डारी र ऐ नगरपालिका वडा नं. १०, रुकुम (पश्चिम) का गोविन्द के.सी.लाई आठविसकोट बचत तथा ऋण सहकारी संस्था लिमिटेड, रुकुम (पश्चिम) मार्फत रु ३०/३० लाख शैक्षिक ऋण उपलब्ध गराईएकोमा उक्त ऋण मात्रले नपुग्ने देखिएकोले र निजहरुले रु ५०/५० लाख मूल्यांकन बराबरको सम्पत्ति आठविसकोट बचत तथा ऋण सहकारी संस्थामा पेश भई घरजग्गा रोक्का भएकोले हालसम्म पनि सम्झौता नभएका वडास्तरिय र नगरस्तरिय आयोजनाहरु यस आर्थिक वर्षमा कार्यान्वयन नगरी ती आयोजनाहरुमा विनियोजित बजेटबाट रकमान्तर हुने गरी रु १५/१५ लाख थप शैक्षिक ऋण आठविसकोट बचत तथा ऋण सहकारी संस्था मार्फत सम्झौता बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

<u>निर्णय नं. ८</u> :- पहिलो सार्वजनिक सुनुवाई प्रतिवेदन, २०७५ सम्बन्धी प्रस्ताव सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) सार्वजनिक सुनुवाई प्रतिवेदन, २०७५ मा उल्लेखित विषयहरुको सम्बन्धमा व्यापक रुपमा छलफल गरी पारित गरियो।

(ख) सार्वजनिक सुनुवाई प्रतिवेदन, २०७५ औंल्याईएका समस्याहरुको समाधानको लागि नगरपालिका, सम्बन्धित वडाका वडा अध्यक्ष, सचिव र प्राविधिक कर्मचारीले जिम्मेवारीपूर्ण ढङ्गले काम गर्ने ।

(ग) महालेखा परिक्षक कार्यालयले लेखा परिक्षण प्रतिवेदनमा औंल्याईएका बेरुजुहरुको सम्बन्धमा व्यापक रुपमा छलफल गर्दा असूल उपर हुनुपर्ने भनि औंल्याईएका बेरुजु असूल उपर गर्ने र सैद्धान्तिक प्रकारका बेरुजुको हकमा आवश्यक प्रक्रिया पूरा गरी बेरुजु संपरिक्षण गराउने र अब उप्रान्त यस्ता प्रकारका बेरुजु आउन नदिन सबै सचेत रहने ।

(घ) सार्वजनिक सुनुवाईलाई प्रत्येक चौमासिकमा सञ्चालन गर्ने ।

<u>निर्णय नं. ९</u> :-नगरपालिकालाई यही २०७६ जेष्ठ मसान्तभित्र मदिरा निषेधित क्षेत्र घोषणा गर्ने निर्णय गरियो । साथै मदिरा निषेधित वडा घोषणा गर्ने प्रत्येक वडालाई प्रोत्साहन स्वरुप पच्चीस हजार रुपैयाँ दिने । मदिरा नियन्त्रणको लागि नगरपालिका, सुरक्षा निकाय, आमा समूह, संघसंस्था, नागरिक समाज एवम् सरोकारवाला अन्य निकायहरु कडाईपूर्वक एकतावद्ध ढङ्गले परिचालित हुने ।

<u>निर्णय नं. १०</u> :- नगरपालिकाभित्र सञ्चालन हुने सार्वजनिक कार्यक्रमहरुमा देहायका आचारसंहिता पालना गर्नुपर्नेछ :-

(क) प्रमुख अतिथि सहित बढिमा पाँचजना अतिथि राख्न पाउने ।

(ख) धार्मिक तथा सौस्कृतिक कार्यक्रम बाहेक कार्यक्रममा अतिथिहरुलाई खादा तथा अबिर नलगाउने । स्थानीय स्तरमा उत्पादन भएका फूल तथा सामग्रीहरुबाट निर्माण भएका मालाहरु लगाउन सकिने ।

(ग) प्रमुख अतिथिले बढिमा ३० मिनेट र अन्य अतिथिहरुले बढिमा १० मिनेट मन्तव्य राख्न पाउने ।

(घ) आयोजकले कार्यक्रम सुरु हुनुभन्दा कम्तिमा २४ घण्टा अगावै प्रमुख अतिथि तथा अन्य अतिथिहरुलाई पत्राचार गर्ने । पत्रमा उल्लेख भएअनुसार एवम् कार्यक्रमको सेडयुल अनुसार कार्यक्रम सुरु हुने अवधिभन्दा दश मिनेट वा सोभन्दा ढिलो आउनेलाई प्रमुख अतिथि वा अतिथि बनाउन आयोजक बाध्य नहुने ।

(ङ) सार्वजनिक कार्यक्रममा भेज खानामात्र खुवाउने ।

(च) आयोजकले तोकिएको समयभन्दा आधाघण्टाभित्र कार्यक्रम सुरु नगरेमा प्रमुख अतिथि तथा अतिथि कार्यक्रममा बस्न बाध्य हुने छैनन् ।

(छ) विशेष परिस्थितिमा प्रमुख अतिथि तथा अतिथिको सङ्ख्या थप गर्न सकिनेछ ।

<u>निर्णय नं. ११</u> :- मिति २०७६ बैशाख २९ गते भएको गाडी दुर्घनाप्रति दु:ख प्रकट गर्दै सो घटनामा घाईते भएका व्यक्तिहरुको उपचारको लागि नगरपालिकाको तर्फबाट एकमुष्ट तीन लाख रुपैयाँ विपद् व्यवस्थापन शिर्षकबाट उपचार स्वरुप उपलब्ध गराउने निर्णय गरियो।

<u>निर्णय नं. १२</u> :- आठविसकोट नगरपालिका वडा नं. २ अन्तर्गत नविन आधारभूत विद्यालय पहाडा र सरस्वति आधारभूत विद्यालय स्यालामा टयाङ्की निर्माणको लागि जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट खानेपानी पाइप प्राप्त भएकोमा सार्वजनिक निर्माण शिर्षकबाट पाइप बाहेकको टयाङ्कीको संरचना निर्माण गर्न प्रतिविद्यालय रु १ लाख ५० हजारका दरले रु ३ लाख बजेट उपलब्ध गराउने ।

<u>निर्णय नं. १३</u> :- देहायका दिर्घ रोगीहरुलाई उपलब्ध कागजातहरुको आधारमा आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

| क.स. | विरामीको नाम, थर | ठेगाना | सहायता रकम | कैफियत |
|---|---|---|---|---|
| १. | मनमाया नेपाली | आठविसकोट नगरपालिका वडा नं. १० | रु ३५,०००।०० | पत्थरी, पाठेघर, थाइराईडको अप्रेशन |
| २. | दुर्पति कामी | आठविसकोट नगरपालिका वडा नं. ११ | रु ३५,०००।०० | पेटको अप्रेशन |

<u>निर्णय नं. १४</u> :- आठविसकोट नगरपालिका वडा नं. ९ स्थित राडीज्यूलामा निर्माण हुन लागेको ल्यान्डफिल साइटको लागि आवश्यक जग्गा प्रति रोपनी रु ६ लाख ६६ हजारका दरले ००८०० वर्गमिटर खरिद गर्ने भनि नगर कार्यपालिकाको मिति २०७५ चैत्र ३ गतेको बैठकबाट निर्णय भएकोमा थप ००५०० वर्गमिटर जग्गा आवश्यक पर्ने भएकोले सोही दरमा सोही स्थानमा प्रतिवेदनमा उल्लेख भए अनुसारको कित्ता नं. मा उल्लेखित जग्गाधनीको जग्गा खरिद गर्ने निर्णय गरियो । थप जग्गा खरिदको लागि आवश्यक रु ६ लाख ५५ हजार ५ सय ११ बराबरको रकम आन्तरिक आयबाट व्यहोर्ने निर्णय गरियो ।

<u>निर्णय नं. १५</u> :- आठविसकोट नगरपालिका वडा नं. ४ र ५ मा संघीय सरकारको सशर्त अनुदान बाट सञ्चालित प्राङ्गारिक मिसन कार्यक्रम अन्तर्गत ***Construction of Water Supply and Irrigation of Aathbiskot***

*Municipality Ward no. 5 (Phase-I)* आयोजनाको लागि करिब रु २ करोड ५५ लाख बराबरको ठेक्का स्वीकृत भईसकेको, सोही आयोजनाको लागि जग्गा सुधार कार्यक्रम अन्तर्गत पछि नगरपालिकाको आर्थिक वर्ष २०७६।०७७ को बजेटबाट सोध भर्ना हुने गरी रु १ करोड ११ लाख ५० हजार बराबरको एक्स्ट्राभेटर खरिद भईसकेको, करिब रु १९ लाख ८७ हजार बराबरको ***Construction of Water Supply and Irrigation of Aathbiskot Municipality*** *को लागि* **Detail Engineering Survey, Design and Report Preparation *(DESDR)*** तयार भईसकेको रु ४ लाख ७५ हजार बराबरको एकीकृत सामुदायिक नमूना कृषि फार्मिङको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भई हालसम्म जम्मा रु ४ करोड १६ लाख १२ हजार खर्च भईसकेकोमा बाँकी रु ८३ लाख ८८ हजार बजेटबाट देहायका कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

| क.स. | आयोजनाको विवरण | विनियोजित रकम | स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | कोल्ड स्टोर (चिस्यान घर) निर्माण | प्राविधिक ईष्टिमेट अनुसार | आठविसकोट नगरपालिका वडा नं. ५ गैरीपातल | क्रमागत |
| २. | सिमबजार रंगालगाउँ गैरीपातल कृषी सडक निर्माण | प्राविधिक ईष्टिमेट अनुसार | आठविसकोट नगरपालिका वडा नं. ५ गोतामकोट | क्रमागत |
| ३. | बिरुवा स्रोत केन्द्र स्थापना | प्राविधिक ईष्टिमेट अनुसार | आठविसकोट नगरपालिकाको उपयुक्त स्थानमा | |
| ४. | भकारो सुधार तथा शेड हाउस निर्माण | प्राविधिक ईष्टिमेट अनुसार | आठविसकोट नगरपालिका वडा नं. ४ र ५ का करिब ३०० घरपरिवार | |
| ५. | सुन्तला, आँप, केरा किवी, कागति लगायतका बिरुवा खरिद | प्राविधिक ईष्टिमेट अनुसार | कृषकको माग अनुसार वडा नं. ४ र ५ लगायत नगरपालिकाका उपयुक्त अन्य स्थानहरुमा | |
| ६. | एकीकृत सामुदायिक कृषि फार्मिङको लागि किसानहरुलाई तालिम तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन | प्राविधिक ईष्टिमेट अनुसार | आठविसकोट नगरपालिका वडा नं. ४ र ५ | |

निर्णय नं. १६ :- संघीय सरकारबाट प्राप्त समपूरक तथा विशेष अनुदान विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भई संघीय सरकार तथा प्रदेश सरकार समक्ष समपूरक तथा विशेष अनुदानको लागि पेश भएका आयोजनाहरुमध्ये प्राथमिकता प्राप्त नगर कार्यपालिकाको निर्णयानुसार छनौट भएका आयोजनाहरुमा विनियोजन भई खरिद प्रक्रिया पूरा भएर कार्य आरम्भ समेत भईसकेको सन्दर्भमा ठेक्का प्रक्रियामा लागत अनुमानभन्दा कम कबोल अंक भई बचत हुन गएको रकमबाट समपूरक तथा विशेष अनुदानको लागि संघीय सरकार तथा प्रदेश सरकार समक्ष पेश भएका देहायका आयोजनाहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क.स. | आयोजनाको नाम | स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|

नि.प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १. | जनकल्याण माध्यमिक विद्यालय गोइरी<br>४ कोठे पक्की भवन निर्माण | वडा नं. ११ गोइरी | रु १,००,००,०००।०० | समपूरक अनुदान |
| २. | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय टूलीवार्खु<br>४ कोठे भवन निर्माण | वडा नं. १२<br>टूलीवार्खु | रु १,००,००,०००।०० | समपूरक अनुदान |
| ३. | गिजागाडखोला तटबन्धन | वडा नं. ९ र ११<br>गिजागाडखोला<br>वारीपारी | रु ५०,००,०००।०० | विशेष अनुदान |
| ४. | विभिन्न सार्वजनिक निर्माण/फर्निचर तथा फिक्चर्स | नगरपालिका कार्यालय | रु २५,००,०००।०० | विशेष अनुदान |

निर्णय नं. १७ :- नगरपालिकाको आवश्यकतालाई महसुस गरी नगर कार्यपालिकाको निर्णयानुसार खरिद समितिको ***4WD Double Cap Pickup*** को भुक्तानी कन्टिन्जेन्सी रकमबाट र ***4WD Tractor with Trolley*** को भुक्तानी राजश्व बाँडफाँडबाट प्रास आन्तरिक आयबाट गर्ने निर्णय गरियो ।

नि.प्रमुख प्रशासकीय अधिकृत
२०७६/०२/१२